बागमती प्रदेश सरकार
# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
(प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र)
हेटौंडा, नेपाल

## प्रतिवेदन नं. ०८: रसुवाको भोटेकोशी बाढीको विवरण

**मितिः २०८३/०५/१०** **समयः बेलुका ०५:४५**

**प्रभावित जिल्लाहरुः रसुवा, नुवाकोट र धादिङ्ग**

| स्थान | उपचाररत | रिफर | मृत्यु | कैफियत |
|---|---|---|---|---|
| रसुवा अस्पताल, रसुवा | ३७ | ८* | १ | *हेली उद्दार गरी काठमाडौं रिफर गरिएको |
| त्रिसुली अस्पताल, नुवाकोट | १६ | ० | ० | |
| आयुर्बेद तथा बैकल्पिक चिकित्सालय, नुवाकोट | ११ | ० | ० | प्रादेशिक अस्पतालहरुको EMT समेत परिचालन गरिएको |

| घटनाको छोटकरी बिबरण (प्रतिकार्य) |
|---|

- रसुवाको भोटेकोशी नदीमा आज बिहान आएको भिषण बाडीले उत्पन्न विपद्जन्य परिस्थितिलाई मध्यनजर गर्दै बागमती प्रदेशका सम्पूर्ण प्रादेशिक अस्पताल, जनस्वास्थ्य कार्यालय तथा अन्य स्वास्थ्य संस्थाहरूले Rapid Response Team (RRT) तथा Emergency Medical Team (EMT) लाई पूर्ण तयारी अवस्थामा राख्नुहुन अनुरोध गरिएको।
- सम्भावित आकस्मिक अवस्थाको प्रतिकार्यका लागि आवश्यक जनशक्ति, औषधि, स्वास्थ्य सामग्री, उपकरण, उद्धार तथा आकस्मिक व्यवस्थापनसम्बन्धी आवश्यक तयारी सुनिश्चित गर्नुहुन अनुरोध गरिएको।
- जनस्वास्थ्य कार्यालय, प्रादेशिक अस्पताल र आयुबेदिक तथा बैकल्पिक चिकित्सालयका कार्यालय प्रमुखहरूलाई मातहतका स्वास्थ्यकर्मी/कर्मचारीहरूलाई उच्च सतर्कतामा राखी आवश्यक समन्वय, सूचना आदान–प्रदान तथा आकस्मिक प्रतिकार्यका लागि तयारी अवस्थामा रहन निर्देशन दिईएको।
- आपतकालिन स्वास्थ्य उपचारका लागि स्वास्थ्य सचिव डा सुमित्रा गौतमको संयोजकत्वमा क्षति ग्रस्त स्थानहरुमा प्रादेशिक अस्पतालमा गठित आकस्मिक स्वास्थ्य टोली (Emergency Medical Team) परिचालन गरिएको,
- थप सहयोगको लागी ट्रमा सेन्टर, काठमाडौंसँग समन्वय गरिएको।
- माननीय मुख्यमन्त्रीज्यू, माननीय स्वास्थ्य तथा सामजिक विकास मन्त्रीज्यू, प्रदेश सभाका सदस्यज्यू, प्रमुख सचिवज्यू, सचिवज्यूहरू लगायतको टिम प्रभावित क्षेत्रमा प्रस्थान गरेको।
- स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्रभावित क्षेत्रमा आवश्यक औषधि र उपकरण पठाईएको।
- स्वास्थ्य आपतकालीन केन्द्र, काठमाडौं र प्रादेशिक आपतकालीन कार्यसंचालन केन्द्र, हेटौंडासँग निरन्तर समन्वय भईरहेको।
- घाईतेहरूको रसुवा अस्पताल, त्रिशुली अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालय नुवाकोटमा उपचार भईरहेको ।
- धादिङमा एक जना ७० बर्षका पुरुषको निजि अस्पतालमा उपचार भइरहेको।

**स्रोतः** *जनस्वास्थ्य कार्यालय, रसुवा, नुवाकोट, धादिङ; प्रादेशिक अस्पताल (रसुवा, त्रिशुली, धादिङ); प्रदेश आपतकालीन कार्य संचालन केन्द्र मकवानपुर; आयूर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोट*

फोन नं. ०५७-५९०३९६, ५९०३९१ ईमेलः moh@bagamati.gov.np वेवसाईटः https//www.moh.bagamati.gov.np